"कृषि र पर्यटन विकासका आधार, जन्तेढुङ्गा गाउँपालिका समृद्धि र पुर्वाधार"

# आर्थिक वर्ष ०७८/७९ को नीति तथा कार्यक्रम

जन्तेढुङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिसापानी, खोटाङ
१ नं. प्रदेश, नेपाल

(नवौं गाउँसभा वैठकमा मिति २०७८ साल असार ०९ गते प्रस्तुत गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम)

नीति तथा कार्यक्रम २०७८/७९

**सम्मानित गाउँसभाका सदस्यज्यूहरु,**

- नेपालको संविधानले गरेको संघीय संरचना सहितको लोकन्त्रान्त्रिक शासन व्यवस्थाको माध्यद्वारा स्थानीय सरकारको अभ्यासको क्रममा यस जन्तेढुङ्गा गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित महसुस गरिरहेको छु ।
- यस अवसरमा यो देशको राजनीतिक एवम् सामाजिक रुपान्तरणको लागि जीवन उत्सर्ग गर्न हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा वेपत्ता एवं पीडित नागरिक प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।
- विश्वव्यापी कोरोना महामारीको क्रममा मृत्यु वरण गर्नेहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा संक्रमितको शीघ्र स्वस्थ्य लाभको कामना गर्दछु ।
- कोरोना महामारीको बीचमा मानव जातिको रक्षा तथा मानवीय मूल्यको संरक्षणको लागि खट्नु हुने सवै जनप्रतिनिधि, राष्ट्रसेवक, स्वास्थ्यकर्मी, प्रहरी, सुरक्षाकर्मी तथा सम्पूर्ण नागरिकमा सम्मान व्यक्त गर्दछु ।

**गाउँसभा सदस्यज्यूहरु,**

- नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुकूल गाउँपालिकावासी नागरिकहरुको जीवनस्तरमा मात्रात्मक एवं गुणात्मक परिवर्तन सुनिश्चित गर्न गाउँपालिकाको योजनाबद्ध विकासको जग बसाल्दै नेपाल सरकारले तय गरेको पन्ध्रौ योजना र प्रदेश सरकार, प्रदेश नं. १ को प्रथम आवधिक योजनाले परिलक्षित गरेको दीर्घकालीन लक्ष्य र उद्देश्यहरु हासिल गर्न सहयोग पुर्‍याउने मुख्य उद्देश्यले जन्तेढुङ्गा गाउँपालिकाको आवधिक योजना तर्जुमा गरिएको छ । साथै कृषि र पर्यटन विकासका आधार, जन्तेढुङ्गा गाउँपालिकाको समृद्धि र पुर्वाधार भन्ने नारालाई सफल कार्यान्वयन गर्ने मुख्य ध्येय राखिएको छ।
- स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार हो । जनताका असीमित चाहना र आकाङ्क्षा यस तहमा प्रतिविम्बित हुन्छन् । तर स्रोत सीमित हुने हुँदा ती सवै आवश्यकता पूरा गर्न कठीन परिरहेको छ ।

नीति तथा कार्यक्रम २०७८/७९

अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ को प्रावधान तथा संघ र प्रदेश सरकारको अवस्था समेतबाट आ.व. २०७८/७९ मा प्राप्त बजेट सिलिङ गत वर्ष भन्दा तात्विक वृद्धि नभए पनि यस पटक संघबाट विशेष अनुदान र समपुरक अनुदान तथा प्रदेश सरकारबाट समपुरक अनुदान प्राप्त हुनु खुसीको कुरा हो ।

यस परिस्थितिमा सवै नागरिकका चाहना प्रतिविम्बित हुने गरी नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति तथा कार्यक्रममा परेका विषयवस्तुलाई बजेटमा समावेश गर्ने प्रयास समेत गरिएको जानकारी गराउदछु ।

**उपस्थित सम्पुर्ण महानुभावहरु**

सम्पूर्ण विश्व नै कोभिड-१९ कोरोना भाइरस महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थाले आ.व. २०७६/७७ को जस्तै आ.व. २०७७/७८ मा समेत राजश्व बाँडफाँडको रकम सिलिङ अनुसार प्राप्त नहुँदा केही योजना कार्यान्वन गर्न सकिने अवस्था रहेन । आगामी आ.व.मा समेत स्रोत वृद्धि हुने संभावना न्यून देखिएको छ ।

म सर्व प्रथम गाउँपालिकाका गौरवमय योजनाको विषयबाट नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

**१)प्रशासकीय भवन**

यस गाउँपालिकाको गौरवशाली योजना मध्ये एक जन्तेढुङ्गा गाउँपालिका प्रशासकीय भवनको एक तलाको कार्य सम्पन्न हुने चरणमा छ । आ.व. २०७८/७९ को लागि नेपाल सरकारबाट समपुरक योजनामा रु. ९४ लाख बजेट विनियोजन भएको छ । यसमा ५०/५० कार्यक्रम अन्तरगत विनियोजित रकम वारावर नै यस गाउँपालिकाबाट साझेदारी गरी थप डेढ तलाको कार्य आ.व. २०७८/७९ मा सम्पन्न गरिने छ ।

**२)खानेपानी योजना**

गाउँपालिकाको केन्द्र चिसापानी बजारमा करिव १७ कि.मि. टाढाबाट खानेपानी ल्याई औपचारिक रुपमा वितरण गर्ने कार्य सारभूत रुपमा सम्पन्न हुने चरणमा छ । आगामी आ.व.मा नेपाल सरकारबाट सो योजनाको लागि रु. १ करोड १६ लाख रकम प्राप्त भएको छ । सो खानेपानी वितरण तथा व्यवस्थापनको लागि विस्तृत परियोजना प्रतिवेदन तयार

नीति तथा कार्यक्रम २०७८/७९

गरी सोही अनुसार आसपासका ग्रामीण क्षेत्रमा समेत खानेपानी वितरण आगामी आ.व.मा सम्पन्न हुने छ । खानेपानी योजनालाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी स्वयत्तता दिदै सञ्चालन गरिने छ ।

**३)विद्युत**

विद्युतीकरणको लागि चालु आ.व.मा नेपाल विद्युत प्राधिकरण सँगको साझेदारीमा थप विस्तारको कार्य भई रहेको छ ।साथै पालिकाबाट समेत विद्युत विस्तार कार्य भईरहको छ । आगामी आ.व.मा समेत विद्युतीकरणको कार्यलाई निरन्तरता दिइने छ ।

**उपस्थित सवै महानुभावहरु अव म विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु**

**आर्थिक विकास**

**कृषि तथा पशु पालन कार्यक्रम**

- कृषि लाई गाउँपालिकाको मुख्य आधार स्तम्भ मानेर कार्य गरिने छ ।
- कृषिको आधुनिकीकरणको लागि **गाउँपालिका अध्यक्ष कृषि आधुनिकिरण कार्यक्रम** आगामी आ.व.बाट सञ्चालन गरिने छ । सो कार्यक्रमबाट आधुनिक मेसिन तथा औजार कृषकले पाउने व्यवस्था मिलाइने छ ।
- किसानको उत्पादनलाई खेर जान नदिन उत्पादित वस्तुको वजार व्यवस्थापन, सुरक्षित भण्डारण गर्नको लागि शित भण्डार कोल्ड स्टोरको कार्य शुरु गरिने छ । त्यसको लागि बजेट विनियोजन गरिने छ ।
- नेपाल सरकारसँगको सहकार्यमा एक गाउँ एक प्राविधिक कार्यक्रम संचालन गरी प्रत्येक वडामा १-१ जना कृषि र पशु प्राविधिकको व्यवस्थालाई निरन्तरता दिइने छ ।
- यस गाउँपालिकाको पकेट क्षेत्र अन्तर्गत अन्नबालीमा धानको क्षेत्रमा सावाखोला क्षेत्र, मैनटार क्षेत्र, पशुपालन बाख्रामा जन्तेढुङ्गा-१ र ३, भेडाको लागि वडा नं ४, नगदे बाली अलैचीमा वडा नं २ बोपुङ, वडा नं ५ मालबासे, वडा नं ४ चुम्लुङ्ग, फलफुलमा सुन्तलामा जन्तेढुङ्गा वडा नं ५ घोर्ले, वाचिपाला, भिरगाउँ पाथिभारा, वडा नं ६ सातमारा, सोभे, वडा नं ४ कार्तिके, आलुको लागि वडा नं ४ डम्बर्खुशिवायल र

नीति तथा कार्यक्रम २०७८/७९

कागतीको लागि यस गाउँपालिकाको प्राय क्षेत्र समेटिने हुँदा प्राविधिक दृष्टिले उपयुक्त हुने स्थान समेटी सोही अनुसार कृषि कार्य प्रवर्धन गर्दै लगिने छ ।

- कृषकलाई मौरी पालन, तरकारी खेती, पशु पालन आदि तालिमको व्यवस्था गरी स्रोत व्यक्तिको विकास गरी उत्पादन वृद्धि गरिने नीति लिइने छ ।
- यस गाउँपालिकाबाट शुरु गरिएको कृषि सिकाई केन्द्रबाट बागबानी, पशुपंक्षि तथा बाली विकास कार्यक्रमको अनुसन्धान तथा उत्पादनको कार्य गर्ने गरी कार्य प्रारम्भ गरिने छ ।
- माटोको उर्वरा शक्ति वृद्धि तथा कायम राख्नको लागि क्रमश रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै विगतमा संचालित गोठेमल सुधार तथा भकारो व्यवस्थापन, कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ ।
- आगामी ९ वर्षमा कृषि भूमिमा आधारित जैविक प्राङ्गरिक मल र जैविक विषादीको प्रयोग गरी गाउँपालिकालाई अर्गानिक क्षेत्र घोषणा गर्ने नीति लिइने छ।
- किसानलाई उन्नत बीउ विजन वितरण गरिने छ । साथै विउ विजन कार्यविधि तय गरी आगामी दिनमा किसानबाट नै उन्नत विउ विजन उत्पादन गराइ विउ बैंक स्थापना गरिने छ ।
- कृषकलाई टनेल वितरण कार्यलाई निरन्तरता दिइने छ ।
- कृषिको व्यवसायिकरण गर्नको लागि करार खेती, सहकारी खेती तथा सामूहिक खेती प्रणालीलाई प्रोत्साहन गरिने छ।

## पर्यटन

- यस गाउँपालिकाको आर्थिक विकासको लागि महत्वपूर्ण आधारको रुपमा पर्यटनलाई लिईनेछ।
- धार्मिक पर्यटकीय स्थल जन्तेढुङ्गामा आधुनिक उद्यान सहित पर्यटकीय केन्द्रको रुपमा विकास गर्न चालु आ व मा ठेक्का लगाईएकोमा सो कार्य सम्पन्न गरिनेछ।
- यस पालिकाको भञ्याङ्गखर्क, सोकपे डाँडा लगायतमा व्यवस्थित पिकनिक स्पट बनाई पिकनिक आउने व्यक्ति सँग न्युनतम रकम लिई पालिकाको राजश्व बृद्धि गरिनेछ।

नीति तथा कार्यक्रम २०७८।७९

- देविस्थान, जन्तेढुङ्गा, पञ्चकन्या पोखरी, भानुमति जस्ता धार्मिक पर्यटकीय स्थलको प्रचार प्रसार गरिनेछ।
- वडा नं ५ को घोर्लेमा सुन्तलाको लागि, सावा खोला किनारमा धान खेतीको लागि, बोपुङ्गमा किबि खेतीको लागि पर्या पर्यटन प्रबर्धन गर्ने निति लिईनेछ।
- यस गाउँपालिकाको पर्यटकीय पदमार्गहरुको पहिचान गरी सोको विकासको लागि योजना तर्जुमा गरिनेछ।
- पुरातात्त्विक महत्त्वका मठ मन्दिर, साकेला थान, गुम्बा तथा सम्पदाहरुको संरक्षण र नव निर्माण गरिनेछ।

**उद्योग**

- गाउँपालिका क्षेत्रभित्र उद्योग खोल्नको लागि प्रोत्साहन दिने नीति ल्याईनेछ।
- घरेलु तथा साना उद्योग संचालनको लागि आवश्यक सीप र प्रविधिको लागि तालिमको व्यवस्था गरिनेछ।
- उद्योग संचालनको लागि कर्जा आवश्यक पर्ने भएमा आवश्यक कार्यविधि तयार गरी सामुहिक जमानीमा ऋण उपलब्ध हुने व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्र औधोगिक ग्राम स्थापना गर्न जग्गा व्यवस्थापन गरी नेपाल सरकार उद्योग मन्त्रालयसँग एम ओ यु गरिनेछ।
- घरेलु उद्योग संचालन गरी आपुर्ती गर्ने उद्योगहरु साबुन, अल्लोको सामग्री जस्ता उद्योग संचालकको लागि सहुलियत तथा महसुल छुटको प्रबन्ध मिलाईनेछ।

**सहकारी र बैंकिङ्ग**

- सहकारी दर्ता तथा संचालनका लागि प्रोत्साहन गरिनेछ।
- विभिन्न सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्नको लागि प्रदेश सरकारको समन्वय तथा आफ्नै श्रोतबाट पनि अभिमुखिकरण तालिम संचालन गरिनेछ।
- बैंकिङ्ग सचेतनाको लागि कृषि विकास बैंकसँग साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ।
- सहकारी मार्फत उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

नीति तथा कार्यक्रम २०७८/७९

**सामाजिक विकास तथा शिक्षा कार्यक्रम**

- कोभिड १९ को कारण शिक्षा क्षेत्रमा प्रभाव कम पार्नको लागि अनलाईन शिक्षा, भर्चुअल शिक्षा तथा सूचना तथा संचार प्रविधिको प्रयोगमा जोड दिइने छ ।
- विद्यार्थी भर्ना दर सत प्रतिशत कायम गरी विद्यालय छाड्ने दर एक दमै न्यून राख्ने नीति लिइने छ । **निरक्षर मुक्त गाउँपालिका घोषणा गरिने नीति लिइने छ ।**
- महिला, अपाङ्ग, गरिव, जेहेन्दार व्यक्तिहरुको उच्च शिक्षामा पहुच बढाउन निति तथा कार्यक्रम निर्माण गरी कार्यक्रम संचालन गरिने छ।
- विद्यालयको शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिका अध्यक्ष र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत र प्रधानाध्यापक बीच कार्य सम्पादन संझौता गरी सो संझौताको परिणामलाई अनुदान सँग जोडिने छ ।
- प्रत्येक विद्यालयलाई वालमैत्री अवधारणा अनुसार संचालन गरिने छ।
- भौतिक पूर्वाधार कमसल भएका सम्पूर्ण विद्यालयको लागि नेपाल सरकारबाट सञ्चालन भएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, प्रदेश सरकारको कार्यक्रम र पालिका आफ्नै कार्यक्रमबाट सक्षम तुल्याइने छ ।
- नेपाल सरकारको दरवन्दी न्यून भएका विद्यालयमा गाउँपालिकाले अनुदान दिई शिक्षक राख्ने कार्यलाई निरन्तरता दिइने छ ।
- विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहान कार्य गरिने छ।विद्यालयमा अध्यानरत विद्यार्थीहरुका लागि आवासीय तथा गैर आवासीय छात्रवृति प्रदान गरिने छ।
- नमुना विद्यालय श्री चिसापानी नमुना माध्यमिक विद्यालय चिसापानीलाई प्रविधि मैत्री विद्यालयको रुपमा विकास गर्दै आगामी दिनमा कृषि तर्फको कक्षा १२ सम्म अध्यापन गराउनुको लागि सरोकारवालासँग पहल कदमी लिइने छ।
- चिसापानी क्याम्पसको लागि व्यवस्थापनमा लगानी गर्दै क्याम्पसको क्षमता अभिवृद्धि गरिने छ ।
- यस गाउँपालिकामा एक प्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक तयारी अघि बढाइनेछ।जसको लागि संभाव्य अध्ययन गरिने छ।

- प्रत्येक विद्यालयको कक्षा १ देखि ५ सम्मको विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम नेपाल सरकारसँग समन्वय गरी संचालन गरिने छ।
- शैक्षिक सत्रको शुरुमा विद्यार्थी भर्ना प्रक्रियालाई प्रभावकारी रुपमा संचालन गर्न स्वागत, सचेतना कार्यक्रमका लागि व्यवस्था गरिने छ।
- सूचना प्रविधिसँग शिक्षालाई समाहित गर्न आगामी दिनमा इ-लाइवेरी क्रमश हरेक विद्यालयमा लागु गरिने छ।
- यस गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गरी लागु गरिने छ ।
- नेपाल सरकारको नीति अनुरुप मातृभाषा शिक्षा (पुमा राई, वान्तवा राई, चाम्लिङ्ग राई, नेवार, तामाङ्ग)को पठन पाठन व्यवस्थापनको लागि नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रसँगको सहकार्यमा पाठ्यक्रम विकास गरी आगामी आ.व.मा ऐच्छिक रुपमा आधारभूत तहसम्म पठन पाठनको व्यवस्थापन गरिने छ।

**स्वास्थ्य कार्यक्रम**

- कोभिड-१९ को महामारीको कारणले यस गाउँपालिकालाई परेको असरलाई महसुस गर्दै यस कोभिड-१९ महामारीलाई रोकथाम तथा नियन्त्रण गर्नको लागि कोभिड-१९ रोकथाम नियन्त्रण तथा उपचार कोष मार्फत खर्च हुने गरी आवश्यक व्यवस्था मिलाइने छ ।
- १५ शैयाको आधारभूत अस्पताल निर्माणको कार्य तत्काल अगाडि बढाइने छ ।
- यस गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा बहिरङ्ग जाँच कक्ष, वेड, आकस्मिक कक्ष, प्रयोगशाला, आवस्किय स्वास्थ्य सामाग्री, रेडियोग्राफर तथा अति आवस्किय वस्तु र सेवाको व्यवस्था गरिने छ ।
- यस गाउँपालिकामा रहेका विपन्न, गरिब, दलित, जेष्ठ नागरिक, महिला, अपाङ्ग तथा नेपाल सरकारले तोकेका निशुल्क औषधीहरु निशुल्क वितरण गर्ने कार्यक्रम संचालन गरिने छ ।
- सुत्केरी महिलाहरुलाई यस गाउँपालिकामा रहेको एम्बुलेन्सको सेवा लिदाँ निशुल्क गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

नीति तथा कार्यक्रम २०७८/७९

- मातृ तथा नव शिशु मृत्यु दरलाई घटाउनको लागि एकिकृत बाल स्वास्थ्य एवम् पोषण कार्यक्रम सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा संचालित बर्थिङ्ग सेन्टर र डम्बर्खुको बर्थिङ सेण्टरको स्तरोन्नति गर्ने नीति लिइएको छ । अन्य वडामा पनि वर्थिङ सेण्टरको तयारी गरिने छ ।
- ग्रामिण क्षेत्रमा उपयुक्त देखिएको टेलि मेडिसिन कार्यक्रमको अध्ययन गरी आगामी वर्षमा यस कार्यक्रम लागु गरिने छ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको योगदानलाई कदर गर्दै कामको उच्च सम्मान गरिने छ । साथै वडा कार्यालय सँग समन्वय गरी प्रोत्साहन र यातायात खर्च उपलब्ध हुने व्यवस्था मिलाइने छ ।
- महिलाहरुका पाठेघर खस्ने समस्यालाई निशुल्क उपचार तथा जनचेतनाको कार्यक्रम संचालन गरिने छ।
- स्वास्थ्य विमा कार्याक्रमलाई अझ प्रभावकारी रुपमा लागु गर्न सचेतना कार्यक्रम संचालन गरिने छ।
- सवै स्वास्थ्य संस्थामा ग्रामिण भिडियो एक्स-रे कार्यक्रम संचालन गरिने छ।
- स्वास्थ्य संस्थाको कार्यक्रम अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा संचालन गरिने छ।

नीति तथा कार्यक्रम २०७८।७९

## खानेपानी, सरसफाइ तथा सिचाई

- पालिका स्तरिय खानेपानीको स्रोत पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन **(DPR)** तयार भई खानेपानीको आयोजना संचालित रहेको छ यस कार्य यस आ.व.मा सम्पन्न हुने गरी कार्यक्रम संचालन गर्नको लागि नेपाल सरकारसँग समन्वय गरी सम्पन्न गरिने छ। अन्य यस पालिकाहरुको मुहान पहिचान गरी यस आ.व.मा विस्तृत परियोजना प्रतिवेदन **(DPR)** तयार गरिने छ।
- खानेपानी आयोजना संचालन गर्न संघ, प्रदेश तथा दाताहरुसँग अनुदान, ऋणको रुपमा सहकार्य गरिने छ।
- हाल संचालन तथा बिग्रेर रहेका खानेपानी आयोजनालाई लगत संकलन गरी ठोस नीति तयार गरी लागू गरिने छ। साथै पालिका स्तरिय खानेपानी आयोजनामा **"एक घर एक धारा, एक घर एक चर्पी"** नीतिलाई अवलम्बन गरी प्रत्येक घरमा मिटरको व्यवस्था गर्ने निति लागु गरिने छ।
- खानेपानी तथा सरसफाई ऐन, नियमावली तथा नीति यस आ.व.मा निर्माण गरी लागु गरिने छ।
- खानेपानी मुहानको संरक्षण गर्न वृक्षरोपण कार्य तथा जनचेतना कार्यलाई तिव्ररुपमा लागु गरिने छ।
- नेपाल सरकारको नीति अनुरुप गाउँपालिका स्तरिय/ वडा स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन, क्षमता विकास, नीति निर्माण गरी लागु गरिने छ।
- यस गाउँपालिकाको पूर्ण सरसफाई गुरु योजना निर्माण गरी आगामी ५ वर्षमा यस गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिने छ।
- खानेपानीको स्रोत तथा जलाधार क्षेत्रको पहिचान र संरक्षण, भुमिगतको पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग, एकिकृत उपयोग तथा पुन उपयोगलाई प्रोत्साहन र प्रवर्धन गरिने छ।

नीति तथा कार्यक्रम २०७८/७९

- गाउँपालिकामा संचालित ढम्पिङ्ग साइडलाई अझ व्यवस्थित तथा स्तरोन्नती गरी संचालन गरिने छ।
- नेपाल सरकार तथा दातृ निकायको समपुरक कोषको सिद्धान्तमा आधारीत साना सिंचाई आयोजनालाई निरन्तरता दिन बजेटको ब्यायबस्था गरीएको छ। यस आ.व. मा ५ वटा साना सिचाईका आयोजानहरू संचालन गरिने छन।

**वन तथा वातावरण**

- वन व्यवस्थापनलाई प्रभावकारी रुपमा संचालन गर्न यस गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक वन समूहसँग सहकार्य गरी ठोस कार्यक्रम संचालन गरिने छ।
- सडक तथा अन्य कारणले क्षति पुगेका वन जंगलमा पुन वृक्षरोपण अभियानको रुपमा थालनी गरिने छ।
- नाङ्गा डाँडामा वृक्षारोपण गरिने छ । वन डडेलो नियन्त्रणको लागि स-शस्त्र प्रहरी सँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिने छ ।

**पूर्वाधार विकास**

- सडक सञ्जालबाट प्रत्येक वडा गाउँपालिकाको केन्द्रसँग जोडिएको अवस्थामा आगामी दिनमा दिगो रुपमा संचालन गर्नको लागि यसै आर्थिक वर्षमा सडकको गुरु योजना निर्माण गरी सोही अनुरुप कार्य योजना/आवधिक योजना बनाइ लागु गरिने छ।
- नेपाल सरकारको ग्रामीण सडक सञ्जाल आयोजना मार्फत बंशिलाघाट देखि चिसापानी सडकको कार्य अगाडि बढाइने छ। साथै वैकल्पिक सडक चिसापानी-निगालवास-देविस्थान-मैनाटार हुदै बसिंला सडकको स्तरोन्नती गरिनेछ।
- यस गाउँपालिका भित्र निर्माण हुने भौतिक संरचनाको कडाइका साथ अनुगमन गरी लागु गरिने छ।
- चिसापानी-छेमावा-भन्ज्याङ्गखर्क-बोपुङ्ग-हिवराङ्ग-पाण्डे गाउँ-कुलेवाद-वंसिला रिङरोड निर्माणको लागि समपुरक कोष तयार गरिनेछ र सडक निर्माणको कार्य तत्काल अगाडि बढाइने छ।

नीति तथा कार्यक्रम २०७८/०७९

- साना जल विद्युत आयोजनालाई व्यवस्थित गर्न सहकार्यको रुपमा कार्यहरु गरिने छ।
- सवै  वडामा सडक सञ्जाल विस्तार भई सकेको स्तरोन्नतिको लागि डम्बर्खु र बोपुङ जाने सडकको स्तरोन्नतिको लागि समपुरक कोषमा प्रदेश सरकारबाट प्राप्त बजेट अनुसार यस पालिकाबाट समेत ३०% रकम थप गरी कार्य गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गरिने छ । यसले पालिका रिङ रोडको अवधारणाको कार्यान्वयन हुँदै जाने विश्वास लिइएको छ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम र स्वारोजगार**

- कोभिड-१९ को विश्वव्यापी रुपमा फैलिएको कारणले विदेशमा रहेका नेपालीहरु बेरोजगार भई नेपाल फर्किने अवस्था रहेको हुँदा सो व्यक्तिहरुलाई उनीहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्युनतम रोजगारी प्रदान गरिने रणनीति अवलम्बन गरिने छ।

**युवा तथा खेलकुद कार्यक्रम**

- युवाहरुलाई उद्यमशिल बनाइ गाउँपालिका भत्र नै रोजगारीको अवसर सृजना गरिने छ।
- राष्ट्रपति रनिङ्गसिल्ड प्रतियोगिता आयोजना गरिने छ ।
- युवाहरुलाई उद्यमशिल रोजगार, स्वरोजगार बनाउनको लागि **"गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम"** मार्फत युवाहरुको मागमा आधारित कार्यक्रम संचालन गरिने छ। सोको लागि बजेट व्यवस्था गरेको छु।
- पालिकाको केन्द्रमा इन्डोर कर्भडहल निर्माणको लागि सम्भाव्य अध्ययन गरिने छ।
- हरेक वर्ष पालिका स्तरिय खेलकुद कार्यक्रम संचालन गर्न नीतिको व्यवस्था गरिने छ।
- व्यवसायिक खेलाडी उत्पादन गर्न ट्रेनिङ्गको व्यवस्था गरिने छ।

**महिला, बालबालिका, जेष्ठ नागरिक. अपाङ्ग तथा दलित**

नीति तथा कार्यक्रम २०७८/७९

- महिला वृद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्य गरिने छ।
- लैङ्गिक हिंसा अन्त्यका लागि समनता र समताको सिद्धान्तमा आधारित रणनीति तय गरिने छ।
- आउने आ.व.बाट महिला सँग उपाध्याक्ष कार्यक्रम सञ्चालन गरिने छ । जसबाट महिला हिंसा न्यूनिकरण, लैंगिक सशक्तिकरण र मूल प्रवाहीकरण हुने विश्वास लिइएको छ ।
- यस गाउँपालिकाका महिला, दलित, ज्येष्ठ नागरिक तथा बालबालिका लागि सम्मान कार्यक्रम हरेक वडामा संचालन गरिने छ।
- बाल मैत्रि स्थानीय शासन गाउँपालिका घोषण गर्नको लागि पहल कदमी गरिने छ।
- बालबालिका तथा किशोरकिशोरीमा हुने सबै प्रकारको हिंसाको अन्त्य गर्ने गरी कार्यक्रम संचालन गरिने छ।
- जेष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभवलाई भावी पुस्तासँग हस्तान्तरण गर्नको लागि सम्बाद क्लब मार्फत ज्ञान सिप आदान प्रदान गरिने नीति अवलम्बन गरिने छ।

**सुशासन**

- गाउँपालिकाद्वारा संचालित कार्यक्रमहरुमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्वको सिद्धान्तलाई पूर्ण रुपमा लागु गरिने छ।
- भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लागु गरिने छ।
- आफ्नै सुविधाको भवन तथा साविक कृषि सेवा केन्द्र भवनबाट एकीकृत सार्वजनिक सेवाको शुरुवात गरिने छ ।
- निर्माण उपभोक्ता समिति/अनुगमन समिति/कर्मचारीहरुलाई अभिमुखिकरणको व्यवस्था गरिने छ।
- राष्ट्र सेवकहरुलाई जिम्मेवार कर्तव्य निष्ठा र उत्तरदायी बनाई आचारणमा सकारात्मक परिवर्तन ल्याउन सुचक सहित कार्य सम्पादन सम्झौता गरिने साथै दण्ड र पुरस्कारको उचित व्यवस्था गरिने छ ।
- कर्मचारी प्रोत्साहन भत्ताको व्यवस्थालाई निरन्तरता दिइने छ ।

नीति तथा कार्यक्रम २०७८/७९

- पारदर्शिता तथा उत्तरदायीत्वलाई गहन रूपमा लिई सार्बजिनक सुनुवाई, सामाजिक परीक्षण जस्ता  कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाका सवै वडामा डिजिटलन नागरिक वडा पत्रको व्यवस्था गरिने छ।स
- सार्वजनिक स्थानमा क्रमश रुपमा निशुल्क इन्टरनेट सेवा उपलब्ध गराइने छ।
- गाउँपालिका/वडा कार्यलाय/सार्वजनिक कार्यालयमा यसै वर्षबाट क्रमश रुपमा सि.सि. क्यामेराबाट निगरानी गरिने छ।

**विपद् व्यवस्थापन**

- यस आ.व. वर्ष देखि भुकम्प प्रतिरोध घर निर्माण गर्ने अभियान अन्तर्गत घर, भवन निर्माण हुँदा अनिवार्य नक्सा पास गरेर मात्र घर भवन निर्माण गर्ने कार्यलाई तदारुकताका साथ लागु गरिने छ।
- सडकको पहुच भएको स्थानहरुमा घर, भवन निर्माण गर्दा अनिवार्य सडकको दाँया बाँया दुई मिटर छोड्नु पर्ने नीति लागु गरिने छ।
- विपद् व्यवस्थापन कार्ययोजना तयार गरी लागू गरिने छ ।
- जोखिम संवेदनशील र उत्थानशील विकासको नीति लिइने छ ।

**राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण कार्यक्रम**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली यस गाउँपालिकाको प्रत्येक वडामा स्थानपना गरी सञ्चालन गरिने छ।यस कार्यको लागि आवश्यकीय कम्प्युटर, इन्टरनेटको व्यवस्था गरिने छ।
- व्यक्तिगत घटना दर्ता किताब डिजिटाजेशन गरिने छ।
- प्रत्येक वडामा घटना दर्ता, सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गरिने छ।
- प्रत्येक वडाको तथ्याङ्क विवरण कम्प्युटराइज गरिने छ।

अन्त्यमा उपस्थित सबै महानुभावमा धन्यवाद ज्ञापन गर्दै म विदा हुन चाहान्छु।

नीति तथा कार्यक्रम २०७८/७९